## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: १०-२०७९/०८०

मिति २०७९/१०/१६ समय: दिनको १:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| **नामथर** | **पद** |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/१०/१६** **वैठक संख्याः १०-२०७९/०८०**

**प्रस्तावहरुः**

१. शहिद दिवसको सम्बन्धमा ।
२. समिक्षा सम्बन्धमा ।
३. कार्यविधि स्वीकृत सम्बन्धमा ।
४. बढुवा नियुक्ती दिने सम्बन्धमा ।
५. नदीघाटको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।
६. वडा समितिको वैठक भत्ता र संख्या सम्बन्धमा ।
७. झोलुङ्गेपुल निर्माण सम्बन्धमा ।
८. कार्यसूची (ToR) स्वीकृत सम्बन्धमा ।
९. गाउँपालिका प्रशासकीय भवन निर्माणको लागि प्रदेश सरकारसँग रकम माग सम्बन्धमा ।
१०. साना खोला-खोल्साको नदीजन्य उत्खनन सम्बन्धमा ।
११. मर्मत सम्भार खर्च सम्बन्धमा ।
१२. राजपत्र कार्यविधि संशोधन सम्बन्धमा ।
१३. राहत वितरण सम्बन्धमा ।
१४. ज्यालादारीमा कर्मचारी नियुक्ती सम्बन्धमा ।
१५. बाल संजालको भवन सम्बन्धमा ।
१६. स्वरोजगार कोषबाट ऋण स्वीकृत सम्बन्धमा ।
१७. राष्ट्रिय परिचय-पत्र बनाउने क्रममा स्वयंसेवकको पारिश्रमिक सम्बन्धमा ।
१८. कृषि उपजमा स्थानीय उत्पादन कर ठेक्का लगाउने सम्बन्धमा ।
१९. नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्ययोजना स्वीकृत सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** आज माघ १६ गते पर्न गएको शहिद दिवसको उपलक्ष्यमा शहिदको सम्झनामा १ मिनेट मौन धारण गरियो ।

**निर्णय नं. २:** यस अघिका वैठकका निर्णय कार्यान्वयनको प्रगती समिक्षा गरियो ।

**निर्णय नं. ३:** देहाय बमोजिमाका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क) आन्तरिक लेखा परीक्षण कार्यविधि, २०७९
ख) जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९
ग) पशुपंक्षी खोप कार्यक्रम सञ्चालन मापदण्ड, २०७९

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ४:** स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को ९ अनुसार शिक्षा अधिकृत, अधिकृत छैठौं तहका होमनाथ लामिछानेको तह मिलान गरी अधिकृत सातौं कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** त्रिशुली नदी वडा नं. ५ भुवनटारघाट र सेती भतेरीघाटको नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा व्यवस्थापन सम्बन्धमा देहाय अनुसारको निर्णय गरियो ।

क) त्रिशुली नदी भुवनटारघाटबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा व्यवस्थापन ठेक्का प्रक्रियाबाट गर्ने ।

ख) सेतीभतेरीघाट ठेक्का नलगाई हाल गाउँपालिका आफैले बिक्री व्यवस्थापन गर्ने । यसरी बिक्री व्यवस्थापन गर्दा गाउँ कार्यपालिकाको कार्यालय राजश्व इकाई/काउण्टरबाट प्रति घन मिटर रु. ३३३ (तीन सय तेत्तिस रुपैया) का दरले रसिद काटेपछि नियन्त्रण टोकन दिने र प्रति ट्रिप घाटमा खटिने जनशक्तिलाई टोकन बुझाएपछि मात्र घाट प्रवेश तथा निष्काशन गर्न दिने गरी बिक्री व्यवस्थापन गर्ने । यसरी टोकन दिँदा प्रति ट्र्याक्टर प्रति दिन अधिकतम १० वटा मात्र दिने ।

ग) उक्त दुवै घाटमा परिमाण नियन्त्रणको लागि खटिने प्रहरी, नगर प्रहरी, कर्मचारी तथा जनप्रतिनिधिलाई खाना, खाजा स्वरुप दैनिक रु. ६००/- (छ सय) का दरले नगद उपलब्ध गराउने ।

**निर्णय नं. ६:** वडा समितिको वैठक आवश्यकता अनुसार मासिक रुपमा जतिसुकै संख्यामा बस्न सक्ने तर वैठक भत्ता मासिक अधिकतम २ वटा वैठकको मात्र भुक्तानी दिने तथा वैठक भत्ता प्रति व्यक्ति रु. १,०००/- (एक हजार रुपैया) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७:** तपसिल अनुसारको झोलुङ्गे पुल निर्माण गर्ने तथा उपलब्ध स्रोतले नपुग हुने झोलुङ्गे पुल निर्माणको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

देहाय बमोजिमका झोलुङ्गे पुलहरु यसै वर्ष गैर सरकारी संस्था समन्वय समिति तनहुँसँग सम्झौता गरी प्रक्रिया अगाडी बढाउने

क) छेरङ्गाखोला माथि (कराँदिप र नरम गाउँ जोड्ने झोलुङ्गे पुल) - वडा नं. २
ख) चिन्नेखोला (खाल्टे – जरम व्यागन जोड्ने झोलुङ्गे पुल) - वडा नं. २
ग) चापखोला झोलुङ्गे पुल – वडा नं. १
घ) देउतीखोला झोलुङ्गे पुल – वडा नं. ५
ङ) आँपटार डुम्रीडाँडा झोलुङ्गे पुल – वडा नं. १
च) पन्ध्रखोला झोलुङ्गे पुल – वडा नं. ३ र ४

देहाय बमोजिमका झोलुङ्गे पुल निर्माण गर्न संघीय सरकारसँग माग गर्ने

क) कादी खोला झोलुङ्गे पुल – वडा नं. ४ र ५
ख) खाउला खोला (जरम र सिम्लेक जोड्ने झोलुङ्गे पुल – वडा नं. २
ग) वर्षाखोला (कालिकाटार र कोटा जोड्ने झोलुङ्गे पुल) – वडा नं. १
घ) तातोखोला (जलदेवी र आदर्श टोल जोड्ने झोलुङ्गे पुल) वडा नं. २
ङ) साँढेबगर देवघाट – ५ र खाल्टे बुलिङ्गटार वडा नं. २ झोलुङ्गे पुल संघीय सरकारबाट गरिदिनको लागि अनुरोध गर्ने ।

**निर्णय नं. ८:** देवघाट गाउँपालिका वडा नं. ५ अन्तर्गत नक्सा नं. ४/क कित्ता नं. ९६४ रहेको मन बहादुर गुरुङको नाममा दर्ता श्रेष्ता कायम रहेको निजी जग्गामा ॐ शिव पार्वती कन्स्ट्रक्सन, भरतपुर – २७, चितवनले व्यावसायिक प्रयोजनका लागि वातावरणमैत्री रुपले आस्फाल उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनको कार्यसूचि (ToR) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि रकम नपुग हुने भएकोले भवन निर्माण सम्पन्न गर्नको लागि प्रदेश सरकारसँग रु. २,००,००,०००/- (दुई करोड रुपैया) रकम माग गर्ने निर्णय गरियो ।

रमेश सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १०:** साना खोला खोल्सीबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री व्यवस्थापन गर्ने सन्दर्भमा चुरे क्षेत्रमा नपर्ने क्रादी र चापखोलाको ठेक्का प्रक्रिय अगाडी बढेकोमा अन्य सम्भावित स-साना खोल्सा-खोल्सीबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** वर्षातको समयमा सडक भत्किई बिग्रीई यातायात सञ्चालन हुन नसक्ने भई सोझै खरिद (कोटेशन) बाट मर्मत सम्भार गरिएकोले वडा नं. ३ को विभिन्न सडक मर्मत सम्भार खर्च रु. ८,९४,३८१.५५ (आठ लाख चौरानब्बे हजार तीन सय एकासी रुपैया पैसा पचपन्न मात्र) लक्की साइना विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२:** देवघाट गाउँपालिकाको राजपत्र प्रकाशन भईरहेकोमा राजपत्रको साविक हेडरमा रहेको स्थानीय राजपत्र को स्थानमा देवघाट गाउँपालिकाको स्थानीय राजपत्र राखी प्रकाशन गरिएको छ र पछि पनि सोही अनुसार राजपत्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** तपसिल अनुसारका व्यक्तिहरुलाई राहत स्वरुप नगद भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:**

क) वडा नं. १ बस्ने ठाहिला गुरुङ रु. १५,०००/- (पन्ध्र हजार रुपैया) विपद शिर्षकबाट राहत स्वरुप

ख) वडा नं. १ बस्ने सन्त बहादुर गुरुङ रु. ५,०००/- (पाँच हजार रुपैया)

**निर्णय नं. १४:** एघारौं गाउँ सभामा पेश भएको संशोधित नीति, कार्यक्रम तथा बजेट अनुसार कार्यालय सुरक्षा, राजश्व वृद्धि तथा नदीजन्य पदार्थ व्यवस्थापनको लागि वि.नं. २२-२०७९/०८० को नगर प्रहरी पदको वैकल्पिक उम्मेदवार मध्येबाट २ जना नगर प्रहरी, धर्मार्थ अस्पतालमा २४ घण्टे सेवा सुरु भएकोले ल्याव टेक्निसियन र भू-उपयोग योजना, भूमी ब्यवस्थापन र घर नक्सा व्यवस्थित गर्न भूमी सम्बन्धि अन्य विवाद समाधान गर्न एक अमिन तत्काल आवश्यक भएकोले तपसिलका व्यक्तिहरुलाई मिति २०८० आषाढ मसान्त सम्मको लागि ज्यालादारीमा नियुक्ती गर्ने निर्णय गरियो ।

**तपसिल:**

१) देवघाट – ३ का सुदिप मगर – प्रहरी जवान सरह सुविधा पाउने गरी (वैकल्पिक उम्मेदवार)

२) देवघाट – ५ का साजन बोटे – प्रहरी जवान सरह सुविधा पाउने गरी (वैकल्पिक उम्मेदवार)

३) देवघाट – ४ का पूजा सारु मगर – ल्याव टेक्निसियन (स. पाचौं सरह)

४) व्यास – २ तनहुँका संगम बगाले – अमिन (स. चौथो सरह सुविधा दिने गरी)

**निर्णय नं. १५:** वडा नं. ५ देवघाट सामुदायिक विकास केन्द्र एवं देवघाट बाल सञ्जाल र श्री निवास भागवत वेदान्तपीठ नेपालबिच सम्झौता भई ५ नं. वडा कार्यालयबाट सिफारिस भई आएकोले सोही सम्झौता अनुसार यथाशिघ्र उपयुक्त स्थानमा वाल सञ्जाल भवन निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १६:** स्वरोजगार कोषबाट देवघाट गाउँपालिका वडा नं. ४ को एन्जिला खाजा घरको लागि रु. २,५०,०००/- (अक्षरुपी दुई लाख पचास हजार रुपैया मात्र) ऋण स्वीकृत गरियो ।

**निर्णय नं. १७:** राष्ट्रिय परिचय-पत्र बनाउने क्रममा स्वयंसेवक खटिएकोमा खटिएका स्वयंसेवकलाई यस पूर्वको कार्यपालिका वैठकको निर्णय अनुसार नै भुक्तानी दिने निर्णय गरियो । वडा नं. ५ वडा कार्यालयबाट सिफारिस भएको रु. ८२,०००/- (बयासी हजार रुपैया) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८:** आँप, लिचि लगायत स्थानीय कृषि उपजमा स्थानीय उत्पादन कर र कवाडी सामानमा कवाडी कर लगाउन/उठाउन ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. १९:** नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्ययोजना २०७९, स्वीकृत गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष